प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

फोनं. ०८३-५२१६७६

पत्र संख्या : २०७७/०७८ मितिः-२०७७/११/१०

च.नं. 203

श्री स्थानीय तह सबै (७९ वटा )

कर्णाली प्रदेश, सुर्खेत ।

विषयः- सूचना पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा कर्णाली प्रदेश योजना आयोग सुर्खेतबाट मिति २०७७/१०/१८ गते गोरखापत्रमा प्रकाशित विशेषज्ञ सूचिकृत हुन आउने सम्वन्धि सूचना यसै पत्र साथ पठाईएको छ आफ्नो पालीका भित्र भएका विशेषज्ञहरुलाई जानकारी गराइ सहयोग गरिदिनुहुन अनुरोध छ ।

..........................

हरिबहादुर खत्री

नि.प्रशासकीय प्रमुख

नि. प्रशासकीय प्रमुख

प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

## विशेषज्ञ सूचिकृत हुन आउने सम्बन्धी सूचना

प्रकाशित मिति २०७७/१०/१८

समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दीर्घकालीन सोच पूरा गर्नका लागि विषयगत विज्ञहरुको यथोचित पहिचान गर्न, उपलब्ध विज्ञताको अनुभव र योगदानको कदर गर्न, उपलब्ध विज्ञ जनशक्तिको सूचि तयार गरी आवश्यकता अनुसारका अनुसन्धान र विकास निर्माण कार्यमा योगदान पुर्‍याउन, विषय विज्ञताको क्षेत्रमा कर्णाली प्रदेशको सशक्त पहिचान स्थापित गर्न कर्णाली प्रदेशको विकास र समृद्धिका लागि अनुसन्धान र विकासमा जोड दिनु पर्ने भएकाले उपलब्ध सबै विषयका विषय विशेषज्ञहरुलाई आफ्नो नाम कर्णाली प्रदेश योजना आयोगको कार्यालयमा सूचिकृत गराउन अनुरोध गर्दछौं ।

विषय विशेषज्ञको अभिलेख राख्ने कार्यमा कर्णाली प्रदेशका लब्ध प्रतिष्ठित विज्ञ, कर्णाली प्रदेशमा काम गरेका र गरिरहेका विज्ञ तथा कर्णाली प्रदेशमा काम गर्न इच्छुक देश-विदेशका विज्ञ महानुभावहरुलाई आयोगको वेवसाइट www.kppc.karnali.gov.np मा उपलब्ध ढाँचामा आफ्नो हालै खिचेको पासपोर्ट साइजको फोटो सहित बढीमा २ पेजको विषयगत विज्ञता, अनुभव, शिक्षा अनुसन्धान तथा प्रकाशन, आवद्ध पेशा र हाल गरिरहेको कामको विवरण खुलाई २०७७ चैत १५ गतेसम्म यस आयोगको इमेल: ppckarnali@gmail.com मा पठाई विशेषज्ञ सूचिकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस आयोगको फोन नं. ०८३-५२१६७६ मा सम्पर्क गर्न सकिने छ ।